राष्ट्रिय एकता र जनसेवाका लागि गृह प्रशासन

विकास र समृद्धिको लागि शान्ति, सुरक्षा र सुशासन

# गृह प्रशासन सुधार कार्ययोजना

नेपाल सरकार

## गृह मन्त्रालय

**२०७४**

# गृहमन्त्रीको मन्तव्य

नेपाली जनताको निरन्तर वलिदान, संघर्ष र त्यागबाट राजनीतिक रुपान्तरण हुँदै मुलुक आज संघीय लोकतान्त्रिक गणतन्त्रको युगमा आइपुगेको छ । समावेसी राज्यको दर्शन सहितको संघियता, संघियता सहितको सार्वभौमसत्ता, नागरिकका विस्तारित मौलिक हक, राज्यको नीति, नागरिकका कर्तव्य र राज्यको दायित्व सहितको अत्यन्त परिष्कृत र  नेपाली मौलिक गुणयुक्त नेपालको संविधान पूर्ण कार्यान्वयनको चरणमा प्रवेश गरेको छ। राजनीतिक रुपान्तरणको अनुभूति अब विकास, समृद्धि, सुशासन र अनुशासनबाट मात्रै संभव छ । स्थिरता, सुशासन र समृद्धिको अबको राष्ट्रिय लक्ष्य प्राप्त गर्न एवं विकासको जनअपेक्षा पुरा गर्न शान्ति र सुव्यवस्था पहिलो शर्त हो ।

मुलुकमा शान्ति सुरक्षा, अमनचैन र स्थिरता कायम गर्नु गृह प्रशासनको मुलभूत कार्य हो । यसका लागि केन्द्र देखि स्थानीय स्तरसम्म विस्तारित हाम्रा संरचना, विभिन्न निकाय समेतको समन्वयात्मक परिचालन गर्दै जनअपेक्षा अनुरुपको सुशासनयुक्त संस्कृतिलाई व्यवहारमा प्रदर्शन गर्दै अबको गृह प्रशासन हाँक्नु पर्ने चुनौती रहेको छ । यसका साथै शान्ति सुरक्षाको चुनौतीको रुपमा रहेका दृश्य, अदृश्य अवाञ्छित तत्वहरुलाई निस्तेज पार्दै गृह प्रशासनको क्षमता विकास र सुदृढीकरणबाट मुलुकले चाहेको समृद्धिको यात्रामा योगदान गर्नु गृह मन्त्रालयको कर्तव्य ठानेको छु ।

यसै महत्वपूर्ण जिम्मेवारी पूरा गर्न गृह प्रशासनको समग्र कार्यपद्धति, कार्यसंस्कृति, जिम्मेवारी, जवाफदेहीता र सेवा प्रवाह प्रणालीमा तत्काल सुधार जरुरी छ। गृह प्रशासन तथा मातहत सुरक्षा निकायहरुको कार्यशैलीमा परिवर्तन गर्दै शान्ति सुव्यवस्थाका आन्तरिक चुनौतीलाई परास्त गर्दै, जनतालाई परिवर्तनको अनुभूति दिलाई मुलुकको समृद्धिको यात्रामा एकाकार हुन म सबैलाई आव्हान गर्दछु। यसका लागि गृह प्रशासन सम्बद्ध सम्पूर्ण राष्ट्रसेवक कर्मचारी र सुरक्षाकर्मीहरुबाट अझ

बढी अनुशासित र इमान्दारिताको अपेक्षा राखेको छु। अन्तमा यस अभिप्रायका साथ तयार भएको गृह प्रशासन सुधारको कार्ययोजना २०७४ को सफल एवं नतिजामुखी कार्यान्वयनका लागि सबैको सहयोगको अपेक्षा राखेको छु।

मा. राम बहादुर थापा 'बादल'

गृहमन्त्री

# १. गृह प्रशासन सुधारको पृष्ठभूमि र उदेश्य

सुशासन र समृद्धिको जनअपेक्षा बमोजिम राज्यका सबै अंग र निकायहरुको सुदृढीकरण गरी समृद्ध नेपाल र सुखी नेपाली समाज निर्माण अभियानमा हाम्रा प्रयासहरू केन्द्रित हुनु अपरिहार्य भएको छ । विकास र समृद्धिको निम्ति शान्ति सुरक्षा, सुव्यवस्था एवं कानूनको परिपालना गराई अनुकूल वातावरणको निर्माण गर्ने उद्देश्यले यो सुधारको कार्ययोजना तयार गरिएको छ । प्रस्तुत सुधार कार्ययोजनाका रणनीतिक उदेश्यहरु देहाय बमोजिम रहेका छन् ।

१. गृह प्रशासनका सबै अंगहरूलाई जनमुखी, नतिजामुखी, इमान्दार र राष्ट्रिय उद्देश्य प्राप्त गर्न सक्ने गरी परिचालन गर्ने,

२. विश्वसनीय एवं प्रभावकारी सुरक्षा व्यवस्था कायम गर्न सुरक्षा निकायहरुलाई क्षमतावान र प्रविधिमैत्री बनाउँदै आधुनिकीकरण गर्ने ।

३. विकास र समृद्धिका लागि अवरोधको रुपमा रहने अवाञ्छित गतिविधिको नियन्त्रण गर्ने (Trouble Shooter of Development Process Hassles) ।

४. आन्तरिक सुरक्षा व्यवस्था मजबुत बनाई राष्ट्रिय एकता, सामजिक सद्भाव, सहिष्णुता र सहकार्यको संस्कृतिलाई सुदृढ गर्ने ।

# २. सुधारको क्षेत्र र कार्यदिशा

आर्थिक विकास र समृद्धिका लागि उपयुक्त शान्ति सुव्यवस्था र सुशासनयुक्त वातावरण निर्माण गर्न निम्न क्षेत्रहरुमा सुधारका लागि क्रियाशील भई अपेक्षित नतिजा हासिल गरिनेछ ।

१. नीतिगत र कानूनी सुधार
२. संगठनात्मक सुधार र रुपान्तरण
३. जनशक्ति व्यवस्थापन
४. सेवा प्रवाह र सुशासन
५. सुरक्षा व्यवस्थाको प्रभावकारिता
६. सूचना प्रविधिमा आधारित गृह प्रशासन
७. अध्यागमन र सीमा प्रशासनको सुदृढीकरण
८. विपद् जोखिम न्यूनीकरणमा क्षमता अभिबृद्धि
९. अनुशासन र सदाचारिता प्रवर्द्धन
१०. कार्ययोजना कार्यान्वयन अनुगमन र मूल्यांकन

कार्ययोजना कार्यान्वयनको निर्दिष्ट उद्देश्य हासिल गर्न माथि उल्लेखित दश वटा सुधारका क्षेत्रहरु अन्तर्गतका महत्वपूर्ण क्रियाकलापहरुलाई कार्ययोजनामा समावेश गरिएको छ । मन्त्रालय र मातहत निकायका छुट्टाछुट्टै वार्षिक योजनाको कार्यान्वयन गर्ने क्रममा यस कार्ययोजनामा समावेश क्रियाकलापहरु सम्बन्धित महाशाखा र निकायबाट उच्च प्राथमिकतायुक्त कार्यसूचीको रुपमा कार्यान्वयन हुने छ ।

दशवटा सुधारका क्षेत्रका ८२ बुँदे कार्ययोजनाको प्रभावकारी कार्यान्वयनबाट शान्ति सुरक्षा, जनसेवा र सुशासनयुक्त वातावरण निर्माण भई राष्ट्रिय एकता सहितको विकास र समृद्धिमा योगदान गर्ने गरी प्रस्तुत सुधार कार्ययोजनाको कार्यदिशा तय गरिएको छ ।

# ३. सुधार कार्ययोजना

**१. नीतिगत र कानूनी सुधार**

| क्र स | सुधारको क्षेत्र | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | अपेक्षित उपलब्धि | जोखिम | अन्य व्यहोरा |
|---|---|---|---|---|---|---|---|---|
| १ | कानून | आन्तरिक सुरक्षा तथा व्यवस्था ऐन (स्थानीय प्रशासन ऐनलाई प्रतिस्थापन गर्न बनेको ऐन), संघीय प्रहरी ऐन, सशस्त्र प्रहरी ऐन, नागरिकता ऐन, कारागार ऐन, अध्यागमन ऐन, संस्था दर्ता ऐन, जनमत संग्रह सम्बन्धी ऐन, शोषण विरुद्धको हक सम्बन्धी ऐन, हातहतियार तथा खरखजना ऐन, राष्ट्रिय परिचयपत्र व्यवस्थापन ऐन, सार्वजनिक सुरक्षा सम्बन्धी ऐन, गोपनियता सम्बन्धी ऐन, माफी मुल्तवी सम्बन्धी ऐन, जग्गा प्राप्ति ऐन, विभुषण ऐन, लागूऔषध सम्बन्धी ऐन, पूर्व पदाधिकारीहरुको सुविधा सम्बन्धी कानून, सामाजिक व्यवहार सुधार सम्बन्धी कानून, संकटकालीन घोषणा वा आदेश बहाल रहँदा परेको क्षतिको क्षतिपूर्ति | सम्बन्धीत विषय क्षेत्रको हकमा सोही क्षेत्र हेर्ने निकाय र कानुन तथा फैसला कार्यान्वयन महाशाखा | गृह मन्त्रालय र मातहतका सुरक्षा निकाय एवं विभागहरु र अर्थ मन्त्रालय | प्राथमिकताको आधारमा ३ महिना देखि १ वर्ष भित्र | ऐन कानून तर्जुमा/ परिमार्जन भई लागू भएको हुने | कानून मन्त्रालय र संसदको कार्यसूचि एवं कानून मस्यौदाका लागि प्राविधिक जनशक्ति र बजेटको उपलब्धता | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | सम्बन्धी कानून, राष्ट्र विरोधी एवं विखण्डनकारी गतिविधि नियन्त्रण सम्बन्धी कानून लगायतका गृह प्रशासनसँग सम्बन्धित अन्य कानून तर्जुमा / संशोधन / परिमार्जन गर्न मस्यौदा तयार गर्ने | | | | | | |
| २ | नीतिगत | राष्ट्रिय सुरक्षा नीतिले निर्देश गरे अनुरुप अन्तरिक सुरक्षा नीति नेपाल सरकार मन्त्रिपरिषद्बाट् स्वीकृत गरी कार्यान्वयनमा ल्याउने | सुरक्षा समन्वय महाशाखा | प्रधानमन्त्री तथा मन्त्रिपरिषद् को कार्यालय, सबै सुरक्षा निकायहरु | २०७५ आषाढ मसान्त | समयानुकुल परिमार्जन सहितको सुस्पष्ट सुरक्षा नीति तर्जुमा भई सो को कार्यान्वयन द्वारा आन्तरिक सुरक्षा व्यवस्था सुदृढ भएको हुने | सरोकारवाला निकाय र पदाधिकारी बीचको समन्वय | |
| ३ | | विशिष्ट व्यक्तिको सुरक्षामा खटिने सुरक्षाकर्मी सम्वन्धी स्पष्ट नीति तयार गरी लागू गर्ने | सुरक्षा समन्वय महाशाखा | सबै सुरक्षा निकायहरु | २०७५ आषाढ मसान्त | विशिष्ट व्यक्तिको सुरक्षा थप सुदृढ हुने र सुरक्षाकर्मीलाई सुरक्षा सम्वन्धी काममा मात्र खटाइएको हुने | - | |
| ४ | | विपद् व्यवस्थापन नीति एवं राष्ट्रिय विपद् जोखिम न्यूनीकरणको रणनीतिक कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने | विपद् व्यवस्थापन महाशाखा | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण | २०७५ आषाढ मसान्त | जिम्मेवारी र भूमिका स्पष्ट हुने, विपद् जोखिम न्यूनीकरण भएको हुने | बजेट र कार्यक्रमा समावेश हुनुपर्ने | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५ | निर्देशिका र कार्यवधि | सुरक्षा निकायहरुको संयुक्त परिचालन सम्बन्धी कार्यवधि तयार गरी लागू गर्ने | सुरक्षा समन्वय महाशाखा | सुरक्षा निकायहरु | २०७५ आषाढ मसान्त | सुरक्षा निकायको संयुक्त परिचालनमा सहजता आउने | - | |
| ६ | | विभूषण (मानपदवी, अलंकार, पदक) वितरणको मापदण्ड तयार गरी लागू गर्ने | व्यवस्थापन महाशाखा | - | २०७४ चैत्र मसान्त | विभुषण वितरण वस्तुनिष्ठ र पारदर्शी भएको हुने | - | |
| ७ | | अध्यागमन नीति र विदेशी नागरिक अनुगमन सम्बन्धी निर्देशिका तयार गरी कार्यान्वयन गर्ने | अध्यागमन विभाग | सुरक्षा समन्वय महाशाखा | २०७४ चैत्र मसान्त | अध्यागमन नीति र निर्देशिका तयार भई कार्यान्वयन शुरु भएको हुने | - | |
| ८ | | गृह प्रशासनसँग सम्बन्धित कानूनहरु तर्जुमा र परिमार्जन नभइन्जेलका लागि केन्द्र र प्रदेशले सम्पादन गर्ने शान्ति सुरक्षा र समन्वयका कार्यहरु सम्पादन गर्न मुलुकको आन्तरिक सुरक्षा व्यवस्था सम्बन्धी कार्यकारी आदेश नेपाल सरकार मन्त्रिपरिषद् बाट स्वीकृत गराई लागू गर्ने | सुरक्षा समन्वय महाशाखा | प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालय | २०७४ चैत्र मसान्त | भूमिका र जवाफदेहिता स्पष्ट भई केन्द्र र प्रदेशको शान्ति सुरक्षा र समन्वय प्रभावकारी भएको हुने | - | |
| ९ | | लागु औषध दुर्व्यसनीको लागि, उपचार तथा पुर्नस्थापना केन्द्रहरुको संचालन मापदण्ड र कार्यविधि परिमार्जन गर्ने | नीति योजना तथा कार्यक्रम महाशाखा | नेपाल प्रहरी | २०७५ आषाढ मसान्त | पुर्नस्थापना केन्द्र प्रभावकारी रुपमा संचालन भएको हुने | - | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १० | | ड्रोन (UAV) उडान सम्बन्धी कार्यविधिमा समसामयिक परिमार्जन गरी कार्यान्वयन गर्ने | सुरक्षा समन्वय महाशाखा | नीति योजना तथा कार्यक्रम महाशाखा, नेपाल प्रहरी | २०७५ आषाढ मसान्त | ड्रोन उडान व्यवस्थित भएको हुने | - | |
| ११ | | अपराध बिरुद्ध शून्य सहनशीलताको नीति कार्यान्वयन गर्न निर्देशिका तर्जुमा गरी लागू गर्ने । | सुरक्षा समन्वय महाशाखा | नेपाल प्रहरी | २०७५ असोज मसान्त | अपराधका घटना न्यूनीकरण भएको हुने | - | |
| १२ | | औद्योगिक सुरक्षा सेवा उपलब्ध गराउन नीति तयार गरी कार्यान्वयन गर्ने । | सुरक्षा समन्वय महाशाखा | सशस्त्र प्रहरी बल, नेपाल | २०७५ आषाढ मसान्त | औद्योगिक क्षेत्रको सुरक्षा प्रभावकारी भएको हुने | - | |
| १३ | | राजमार्गमा हुने अवरोध हटाउन गर्नुपर्ने सुरक्षा कारवाहीको कार्यविधि (SOP) तयार गरी लागू गर्ने । | सुरक्षा समन्वय महाशाखा | सबै सुरक्षा निकायहरु | २०७५ वैशाख मसान्त | विना अवरोध राजमार्ग संचालन भएको हुने | - | |
| १४ | मापदण्ड | निजामती र प्रहरी कर्मचारीहरुको सरुवा, बढुवा, काज तथा पदस्थापना मापदण्ड तर्जुमा गरी लागू गर्ने | मानव श्रोत व्यवस्थापन महाशाखा | सुरक्षा निकायहरू | २०७४ चैत्र मसान्त | निजामती र प्रहरी कर्मचारीको सरूवा, बढुवा तथा पदस्थापन बैज्ञानिक, न्यायपूर्ण, अनुमान योग्य र Right man in the right place भएको हुने । | - | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १५ | | निजामती र प्रहरी कर्मचारीहरुको वैदेशिक मनोनयन मापदण्ड तर्जुमा गरी लागू गर्ने | मानवश्रोत व्यवस्थापन महाशाखा | सुरक्षा निकायहरू | २०७४ चैत्र मसान्त | बैदेशिक अध्ययन, तालीम र भ्रमणको न्यायपूर्ण वितरण भई राष्ट्रसेवकको क्षमता र मनोबल अभिबृद्धि भएको हुने । | - | |
| १६ | | आर्थिक सहायता वितरणलाई पारदर्शी बनाउन मापदण्ड तर्जुमा गर्ने | नीति योजना तथा कार्यक्रम महाशाखा | व्यवस्थापन महाशाखा | २०७५ आषाढ मसान्त | आर्थिक सहायता वितरण औचित्यपूर्ण र पारदर्शी भएको हुने | - | |

## २. संगठनात्मक सुधार र रुपान्तरण

| क्र स | सुधारको क्षेत्र | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | अपेक्षित उपलब्धि | जोखिम | अन्य व्यहोरा |
|---|---|---|---|---|---|---|---|---|
| १७ | संरचना | गृह मन्त्रालयको परिवर्तित र विस्तारित भूमिका बमोजिम कार्यसम्पादन गर्न आवश्यक संरचना तयार गर्ने | मानव श्रोत व्यवस्थापन महाशाखा | संघीय मामिला तथा समान्य प्रशासन र अर्थ मन्त्रलाय | २०७४ चैत्र मसान्त | संघीय संरचना अनुरुप गृह मन्त्रलायको पुनसंरचना भएको हुने | - | शान्ति मन्त्रालयबाट प्राप्त कार्य विवरण समावेश गरिने |
| १८ | | सीमा प्रशासन र एकिकृत सेवा केन्द्रलाई इलाका प्रशासन कार्यालयको समग्र जिम्मेवारी दिइने | मानव श्रोत व्यवस्थापन महाशाखा | संघीय मामिला तथा सामान्य प्रशासन र अर्थ मन्त्रालय | २०७५ वैशाख मसान्त | गृह मन्त्रालय तथा मातहतका अग्रपंक्तिका कार्यालयहरु बाट सेवा प्रवाह भई प्रभावकारीता बढ्ने | - | |
| १९ | | क्षेत्रीय प्रशासन कार्यालयहरू खारेज गरिने | मानव श्रोत व्यवस्थापन | प्रधानमन्त्री तथा मन्त्रिपरिषद् को कार्यालय | कानूनी व्यवस्था बमोजिम | अधिकार संघ र प्रदेशमा हस्तान्तरण भएको हुने | - | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २० | | नेपाल प्रहरी र प्रदेश प्रहरीको संगठनात्मक संरचना तयार गर्ने | मानव श्रोत व्यवस्थापन महाशाखा | सुरक्षा निकायहरु, अर्थ मन्त्रालय | २०७५ आषाढ मसान्त | संघीय संरचना अनुरुप प्रहरी संगठनहरुको पुर्नसंरचना भएको हुने | जनशक्ति र भौतिक संरचनाको लागि बजेट व्यवस्था हुनु पर्ने | |
| २१ | | प्रत्येक स्थानीय तहमा कम्तीमा एक प्रहरी इकाई रहने गरी संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्ने | मानव श्रोत व्यवस्थापन महाशाखा | अर्थ मन्त्रालय | २०७५ आषाढ मसान्त | स्थानीय तहमा शान्ति सुरक्षाको अवस्था सुदृढ भएको हुने । | जनशक्ति र भौतिक संरचनाको लागि बजेट व्यवस्था हुनु पर्ने | |

| ३. जनशक्ति व्यवस्थापन | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क्र स | सुधारको क्षेत्र | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | अपेक्षित उपलब्धि | जोखिम | अन्य व्यहोरा |
| २२ | | निजामती र प्रहरी कर्मचारीको उच्च मनोवल हुने गरी भर्ना छनोट देखि अवकास सम्मका प्रक्रियाहरुलाई प्रभावकारी बनाउने | मानव श्रोत व्यवस्थापन महाशाखा | नीति योजना तथा कार्यक्रम महाशाखा, सुरक्षा निकायहरु | २०७५ आषाढ मसान्त | भर्ना छनौट र अवकास सम्मका प्रक्रिया प्रभावकारी भई उच्च मनोवलयुक्त जनशक्ति प्राप्त भएको हुने | - | |
| २३ | | गृह प्रशासन अन्तर्गतका निजामती र प्रहरी कर्मचारीहरूको तालीम आवश्यकताको पहिचान गरी दीर्घकालीन तालीम कार्यक्रमको कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गर्ने | मानव श्रोत व्यवस्थापन महाशाखा | नीति योजना तथा कार्यक्रम महाशाखा, सुरक्षा निकायहरु | २०७५ आषाढ मसान्त | तालीम अवसरको न्यायपूर्ण वितरण भई निजामती तथा प्रहरी कर्मचारीहरुको क्षमता अभिवृद्धि भएको हुने | तालीम कार्यक्रमको लागि स्रोत साधनको व्यवस्था गर्नुपर्ने | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २४ | | पुरस्कार र दण्डको नीति कार्यान्वयनको नियमित अनुगमन गर्नका लागि मन्त्रालयमा एक संयन्त्र निर्माण गर्ने | मानवस्रोत व्यवस्थापन महाशाखा | सबै सुरक्षा निकाय र विभागहरू | २०७५ आषाढ मसान्त | इमान्दारिता, निष्ठा र योग्यता प्रदर्शन गर्नेलाई प्रेरणा दिएको हुने, नराम्रो गर्नेलाई कारवाही गरिने | - | |
| २५ | | समग्र काम कारबाहीको नियमित अध्ययन अनुसन्धान गर्न मन्त्रालयमा एक अनुसन्धान तथा विकास इकाई स्थापना गर्ने | मानवश्रोत व्यवस्थापन महाशाखा | नीति योजना तथा कार्यक्रम महाशाखा | २०७५ आषाढ मसान्त | अनुसन्धान तथा विकास इकाई स्थापना भएको हुने | - | |

## ४. सेवा प्रवाहमा सुधार र सुशासन

| क्र स | सुधारको क्षेत्र | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | अपेक्षित उपलब्धि | जोखिम | अन्य व्यहोरा |
|---|---|---|---|---|---|---|---|---|
| २६ | | विभागीय प्रमुख र कार्यालय प्रमुख निजामती र प्रहरी कर्मचारीहरुसँग कार्य सम्पादन सम्झौता गर्न कार्य विवरण र सूचकहरु तयार गरिने र कार्यसम्पादन करार गराई विभागीय प्रमुख र प्रमुख जिल्ला अधिकारीलाई खटाउने | नीति योजना तथा कार्यक्रम महाशाखा | मानवश्रोत व्यवस्थापन महाशाखा | २०७५ जेष्ठ मसान्त | कार्यसम्पादन सम्झौता पत्र तयार भई लागू भएको हुने | - | |
| २७ | | गुनासो सुनुवाई गर्न निःशुल्क (Toll free) टेलिफोन लाईन व्यवस्था गर्ने | व्यवस्थापन महाशाखा | नीति योजना तथा कार्यक्रम महाशाखा | २०७५ बैशाख | जनताका समस्याहरू समयमै जानकारी भई समाधान भएको हुने । | - | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २८ | | विद्युतीय र अन्य सन्चार माध्यम एवम् भ्रष्टाचार र अनियमितता उपर निगरानी गर्ने निकायबाट प्राप्त उजुरी तथा गुनासो तत्काल सम्वोधन गर्न उजुरी गुनासो व्यवस्थापन शाखा स्थापना गरिने | मानवश्रोत व्यवस्थापन महाशाखा | नीति योजना तथा कार्यक्रम महाशाखा | २०७५ आषाढ मसान्त | उजुरी तथा गुनासोको सम्वोधन भई भ्रष्टाचार र अनियमितता न्यूनीकरण भएको हुने | - | |
| २९ | | सार्वजनिक यातायात क्षेत्रमा रहेको एकाधिकार (Syndicate) को नियन्त्रण गर्न समन्वयात्मक रुपमा विशेष कार्यक्रम संचालन गर्ने | सुरक्षा समन्वय महाशाखा | भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालय, स्थानीय सरकार | २०७५ आषाढ मसान्त | प्रतिस्पर्धा सुनिश्चित भई सार्वाजनिक यातायात सेवा सहज र भरपर्दो भएको हुने | सम्बन्धित निकाय बीचको समन्वय | |
| ३० | | बिरोध प्रदर्शनको लागि निश्चित स्थल तोकी, तोकिएको स्थानमा मात्र विरोध प्रर्दशन गर्न पाउने व्यवस्था गर्ने | सबै जिल्ला प्रशासन कार्यालयहरु | सुरक्षा समन्वय महाशाखा | २०७५ आषाढ मसान्त | आवागमन तथा व्यापार व्यवसायमा सकारात्मक प्रभाव परेको हुने | - | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३१ | | पाँचथर जिल्लाका १ लाख १० हजार नागरिक र सिंहदरबार भित्र कार्यरत ७ हजार कर्मचारीहरुलाई Piloting project को रुपमा राष्ट्रिय परिचय पत्र वितरण गर्ने र पाँच वर्ष भित्र सबै नागरिकलाई राष्ट्रिय परिचय पत्र उपलब्ध गराउने । | राष्ट्रिय परिचय व्यवस्थापन केन्द्र | गृह मन्त्रालय, जिल्ला प्रशासन कार्यालय पाँचथर | २०७५ आषाढ मसान्त | करिव १ लाख १७ हजार जनालाई राष्ट्रिय परिचय पत्र वितरण भएको हुने | - | |
| ३२ | | कैदी बन्दीको राशन सिदा समयानुकूल बनाउने | कारागार व्यवस्थापन विभाग | सुरक्षा समन्वय महाशाख | २०७५ श्रावण मसान्त | राशन सिदा सुविधा बृद्धि भएको हुने | अर्थ मन्त्रालयको सहमति प्राप्त हुनुपर्ने | |
| ३३ | | श्रम, शिक्षा र स्वास्थ्य सुविधा सहितको सुधार गृहको रुपमा कारागारलाई विकास गर्नुका साथै खुला कारगार स्थापना गर्न विशेष कार्यक्रम बनाई लागू गरिनेछ । | कारागार व्यवस्थापन विभाग | सुरक्षा समन्वय महाशाखा | २०७५ चैत्र मसान्त | कारागार सुधार गृहको रुपमा विकास भएको हुने | बजेटको सुनिश्चितता भएको हुनु पर्ने | |

| ५. सुरक्षा व्यवस्थाको प्रभावकारिता | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क्र स | सुधारको क्षेत्र | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | अपेक्षित उपलब्धि | जोखिम | अन्य व्यहोरा |
| ३४ | | नेपाल प्रहरीबाट संचालित अपराध कार्य योजना (CAP) को दोश्रो चरणको कार्यक्रम कार्यन्वयन गर्ने | नेपाल प्रहरी | सुरक्षा समन्वय महाशाखा | २०७५ आषाढ मसान्त | उल्लेख्य मात्रामा अपराध नियन्त्रण भएको हुने | बजेट विनियोजन हुनुपर्ने | |
| ३५ | | संगठित अपराधको निगरानी र नियन्त्रणको लागि विशेष सुरक्षा दल (Special Task Force-STF) गठन गर्ने | सुरक्षा समन्वय महाशाखा | नेपाल प्रहरी | २०७५ असोज मसान्त | संगठित अपराधको निगरानी र नियन्त्रणमा प्रभावकारिता आउने | बजेट विनियोजन हुनुपर्ने | |
| ३६ | | नेपाल प्रहरीको QRT चुस्त दुरुस्त वनाउने । राजमार्ग तथा सहरी क्षेत्रमा घटना घटेको १० मिनेट भित्र प्रहरी घटनास्थलमा पुग्ने व्यवस्था कार्यान्वयन गर्ने | सबै सुरक्षा निकायहरु | सुरक्षा समन्वय महाशाखा | २०७४ चैत्र मसान्त | सुरक्षा निकायप्रति जनविश्वास अभिवृद्धि भएको हुने | - | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३७ | | टोलटोलमा प्रहरी अभियान कार्यक्रम संचालन गर्ने | नेपाल प्रहरी | सुरक्षा समन्वय महाशाखा | २०७५ आषाढ मसान्त | समुदाय र प्रहरी वीच सहकार्य भई स्थानीय स्तरमा शान्ति सुरक्षा सुदृढ भएको हुने | वजेट तथा कार्यक्रममा समावेश गर्नुपर्ने | |
| ३८ | | Cyber Crime नियन्त्रण तथा जनचेतनाको लागि विभिन्न श्रब्य दृष्य सामाग्री तयार गरी बिभिन्न सञ्चार माध्यम मार्फत प्रशारण गर्ने | सुरक्षासमन्वय महाशाखा | सबै सुरक्षा निकायहरु | २०७५ आषाढ मसान्त | जनचेतनामा अभिवृद्धि भई Cyber Crime नियन्त्रण भएको हुने | बजेट विनियोजन हुनुपर्ने | |
| ३९ | | साना हातहतियारको अवैध ओसार पसार र प्रयोग नियन्त्रण गर्न विशेष कार्यदल बनाई परिचालन गर्ने | सुरक्षासमन्वय महाशाखा | सुरक्षा निकायहरु | २०७५ वैशाख मसान्त | साना हातहतियार प्रयोग भई हुने अपराधका घटना न्यूनीकरण भएको हुने | - | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४० | | काठमाण्डौ उपत्यका लगायत प्रमुख शहरहरुका मुख्य चोक र सडकहरुमा CCTV को network coverage भित्र राख्ने गरी CCTV Grid तयार गर्ने र Central Recording System निर्माण गर्ने | नेपाल प्रहरी | सुरक्षा समन्वय महाशाखा | २०७५ चैत्र मसान्त | शान्ति सुरक्षा तथा अपराध नियन्त्रण प्रभावकारी भएको हुने | बजेट विनियोजन हुनुपर्ने | |
| ४१ | | सबै कारागारमा CCTV र चौबीसै घण्टा पानी एवं बत्तीको लागि पावर ब्याकअप जडान गर्ने | कारागार विभाग | सुरक्षा समन्वय महाशाखा | २०७५ चैत्र मसान्त | CCTV र पावर ब्याकअप जडान भई कारागार सुरक्षा मजवुत भएको हुने | बजेट विनियोजन हुनुपर्ने | |
| ४२ | | काठमाण्डौ उपत्यका र मुलुकको शहरी क्षेत्रमा ट्राफिक व्यवस्थापनमा सुधार गर्न Intelligent traffic light system जडानलाई तिव्रता दिने | सुरक्षा समन्वय महाशाखा, नेपाल प्रहरी | भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालय, सम्बन्धित स्थानीय सरकार | २०७५ बैशाख बाट एक स्थानमा शुरु गरी आवश्यकता अनुसार निरन्तर | उपत्यकाको ट्राफिक व्यवस्था प्रभावकारी भएको हुने | सरोकारवाला निकायहरु सँग समन्वय हुनुपर्ने | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४३ | | एकिकृत ट्राफिक व्यवस्थापन योजना (Integrated Traffic Management Plan) तयार गरी कार्यान्वयन गराईनेछ । | नेपाल प्रहरी | अर्थ मन्त्रालय र भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालय, सम्बन्धित स्थानीय सर कार | २०७५ असोज मसान्त | एकिकृत ट्राफिक योजना तयार भएको हुने | बजेटको व्यवस्था र सरोकारवाला निकाय बीचको समन्वय | |
| ४४ | | काठमाण्डौ उपत्यका र राजमार्गमा राडार गनको प्रयोग गरी सवारी साधनको गति अनुगमन गर्ने | नेपाल प्रहरी | सुरक्षा समन्वय महाशाखा | २०७५ भाद्र मसान्त | सवारी गति नियन्त्रित भई दुर्घटना न्यूनीकरण भएको हुने | बजेट विनियोजन हुनुपर्ने | |
| ४५ | | राजमार्गको प्रत्येक १०० कि.मि.मा सवारी फिटनेस सेन्टर स्थापना गर्ने | नेपाल प्रहरी | भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालय, प्रदेश सरकार, स्थानीय सरकार | २०७५ चैत्र मसान्त | सवारी साधनको भार क्षमता र चालकको अवस्था र ट्राफिक नियम पालनाको परीक्षण भई दुर्घटना न्यूनीकरण हुने | बजेट विनियोजन हुनुपर्ने | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४६ | | अत्याधुनिक उपकरण र प्रविधिको जडान एवं प्रयोग गरी सिंहदरवार परिसरको सुरक्षा व्यवस्था गर्ने | व्यवस्थापन महाशाखा | सुरक्षा समन्वय महाशाखा | २०७५ चैत्र मसान्त | सिंहदरवार परिसरको सुरक्षा व्यवस्थामा अभिवृद्धि भएको हुने | - | |
| ४७ | | सिंहदरबार परिसरमा छुट्टै पार्किङ स्थलको व्यवस्था गर्ने । | व्यवस्थापन महाशाखा | सिंहदरबार सचिवालय पुनर्निर्माण आयोजना | २०७५ असोज मसान्त | पार्किङ्ग व्यवस्थित भएको हुने | बजेट विनियोजन हुनुपर्ने | |

## ६. सूचना प्रविधिमा आधारित गृह प्रशासन

| क्र स | सुधारको क्षेत्र | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | अपेक्षित उपलब्धि | जोखिम | अन्य व्यहोरा |
|---|---|---|---|---|---|---|---|---|
| ४८ | | सबै जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालयहरुसँग मन्त्रालयबाट भिडियो कन्फरेन्स गर्ने प्रणाली क्रमश जडान गर्दै जाने | व्यवस्थापन महाशाखा | अर्थ मन्त्रालय, जिल्ला प्रशासन कार्यालयहरु र नेपाल प्रहरी | आर्थिक वर्ष २०७५/०७६ देखि वर्षको ५० वटाको दरले तीन वर्ष भित्र | भिडियो कन्फरेन्स मार्फत मन्त्रालय र जिल्ला बीचको समन्वय प्रभावकारी हुने | बजेटको सुनिश्चितता | |
| ४९ | | सबै जिल्ला प्रशासन कार्यालय तथा ईलाका प्रशासन कार्यालयहरुबाट CIMS software प्रणालीबाट नागरिकता वितरण गर्ने | नीति योजना तथा कार्यक्रम महाशाखा | व्यवस्थापन महाशाखा, जिल्ला प्रशासन कार्यालयहरु | २०७५ चैत्र मसान्त | छिटो छरितो र गुणस्तरीय सेवाको सुनिश्चितता भएको हुने | - | |
| ५० | | सबै जिल्ला प्रशासन कार्यालयहरुमा विद्युतीय हाजिरी अनिवार्य रुपले लागू गरी सोको मन्त्रालयबाट अनुगमन गर्ने | मानवश्रोत व्यवस्थापन महाशाखा र नीति योजना तथा कार्यक्रम महाशाखा | व्यवस्थापन महाशाखा, जिल्ला प्रशासन कार्यालयहरु | २०७५ आषाढ मसान्त | समयको पालना र नियमितता भएको हुने | - | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५१ | | नागरिकता प्रमाणपत्रको अभिलेख व्यवस्थित गर्ने र GIDC मा रहेको नागरिकताको केन्द्रिय सर्भरमा जिल्ला प्रशासन कार्यालयहरुलाई “Read Only” पहुँच दिने | नीति योजना तथा कार्यक्रम महाशाखा | व्यवस्थापन महाशाखा, जिल्ला प्रशासन कार्यालयहरु | २०७५ आषाढ मसान्त | नागरिकता भिडानमा सहजता भई छिटो छरितो सेवा प्रवाह हुने | - | |
| ५२ | | गृह मन्त्रालयको नियन्त्रण कक्षलाई अत्याधुनिक उपकरण सहित Digitalized पद्धति अनुरुप संचालन गर्ने । | सुरक्षा समन्वय महाशाखा | व्यवस्थापन महाशाखा | २०७५ चैत्र मसान्त | नियन्त्रण कक्षलाई अत्याधुनिक उपकरण सहित Digitalized पद्धतिबाट संचालन भएको हुने | बजेट विनियोजन हुनुपर्ने | |
| ५३ | | सूचना संकलनको लागि सुरक्षा निकायहरुसँग गृह मन्त्रालयको Networking गर्ने । | सुरक्षा समन्वय महाशाखा | व्यवस्थापन महाशाखा, सुरक्षा निकायहरु | २०७५ असोज मसान्त | सूचना सहज रुपमा समयमै प्राप्त भई शान्ति सुव्यवस्थामा प्रभावकारिता आएको हुने | बजेट विनियोजन हुनुपर्ने | |
| ५४ | | ५०० भन्दा बढी कैदी भएको कारागारमा पुर्पक्षमा बसेका कैदीहरुलाई भिडियो कन्फरेन्सको माध्यमबाट अदालत समक्ष पेश गर्ने व्यवस्था मिलाउने | कारागार व्यवस्थापन विभाग | सुरक्षा समन्वय महाशाखा | २०७५ असोज मसान्त | भिडीयो कन्फरेन्स प्रणाली जडान भएको हुने | बजेट विनियोजन हुनुपर्ने | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५५ | | जिल्ला तथा इलाका प्रशासन कार्यालयका कर्मचारीहरुलाई सूचना प्रविधि तथा योजना तर्जुमा र LMBIS सम्बन्धी अभिमुखीकरण तालीम संचालन गर्ने | नीति योजना तथा कार्यक्रम महाशाखा | व्यवस्थापन महाशाखा | २०७५ आषाढ मसान्त | सफ्टवेयर संचालनमा सहजता भएको हुने | - | |
| ५६ | | कर्मचारीको वैयक्तिक विवरण सम्बन्धी सफ्टवेयर परिमार्जन गरी विवरण अध्यावधिक गर्ने | मानवश्रोत व्यवस्थापन महाशाखा | नीति योजना तथा कार्यक्रम महाशाखा | २०७५ आषाढ मसान्त | विवरण अध्यावधिक भएको हुने | बजेट विनियोजन हुनुपर्ने | |
| ५७ | | वैदेशिक तालीम र अध्ययन र भ्रमणमा गएका र जाने कर्मचारीहरुको विवरण website मार्फत सार्वजनिकीकरण गर्ने | मानवश्रोत व्यवस्थापन महाशाखा | नीति योजना तथा कार्यक्रम महाशाखा | २०७४ चैत्र मसान्त | वैदेशिक अध्ययन भ्रमण वस्तुनिष्ठ, उदेश्यमूलक र पारदर्शि भएको हुने | - | |

### ७. अध्यागमन र सीमा प्रशासनको सुदृढीकरण

| क्र स | सुधारको क्षेत्र | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | अपेक्षित उपलब्धि | जोखिम | अन्य व्यहोरा |
|---|---|---|---|---|---|---|---|---|
| ५८ | | अत्यावश्यक कम्तिमा १० स्थानमा BOP (Border Out Post) स्थापना गरी संचालनमा ल्याउने | सुरक्षा समन्वय | सशस्त्र प्रहरी बल नेपाल | २०७५ चैत्र मसान्त | सिमाक्षेत्र थप व्यवस्थित र नियमन प्रभावकारी भएको हुने | बजेट विनियोजन हुनुपर्ने | |
| ५९ | | सीमा व्यवस्थापनका विश्वव्यापी असल अभ्यासहरु, भिसा स्टिकरको प्रयोग र नेपालको मौजुदा IMMI Software को अध्ययन गरी राय सुझाव सहितको प्रतिवेदन पेश गर्न समिति गठन गर्ने | अध्यागमन विभाग | अर्थ मन्त्रालय, शिक्षा तथा विज्ञान प्रविधि मन्त्रालय | २०७५ आषाढ मसान्त | अध्यागमन प्रणाली चुस्त दुरुस्त भएको हुने | - | |
| ६० | | अध्यागमन कार्यालय त्रिभुवन अन्तराष्ट्रिय विमानस्थल सहित अन्य नाका स्थित आगमन र प्रस्थान विन्दुमा बायोमेट्रिक सुविधा सहित स्वचालित ई-गेट खरिद गरी सीमा व्यवस्थापन एवं नियन्त्रण प्रणाली लागू गर्ने | अध्यागमन विभाग | अर्थ मन्त्रालय | २०७५ चैत्र मसान्त | प्रभावकारी रुपमा सीमा नियन्त्रण भएको हुने | बजेट विनियोजन हुनुपर्ने | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ६१ | | अध्यागमन विभागबाट जारी गरिने भिषालाई सुझाव समितिको प्रतिवेदन अनुसार परिवर्तन गर्ने | अध्यागमन विभाग | अर्थ मन्त्रालय, विज्ञान तथा प्रविधि मन्त्रालय | २०७५ चैत्र मसान्त | अध्यागमन विभागबाट जारी हुने भिषा प्रविधिमैत्री भएको हुने | बजेट विनियोजन हुनुपर्ने | |
| ६२ | | प्रत्येक प्रदेशमा एक एक अध्यागमन कार्यालय स्थापना गरिनेछ। यस क्रममा प्रथम चरणमा इलामको पशुपतिनगर, मोरङको विराटनगर र हुम्लाको हिल्सामा अध्यागमन कार्यालय स्थापना गर्न संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्पन्न गर्ने | अध्यागमन विभाग | अर्थ र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | २०७५ चैत्र मसान्त | अध्यागमन कार्यालय स्थापना भई सेवा प्रवाह प्रभावकारी भएको हुने | बजेटको सुनिश्चितता हुनुपर्ने | |
| ६३ | | निषेधित क्षेत्रको पदयात्रा अनुमति कार्यविधिको पुनरावलोकन गर्न अध्ययन कार्यदल गठन गर्ने | अध्यागमन विभाग | सुरक्षासमन्वय महाशाखा | २०७४ चैत्र मसान्त | अध्ययन प्रतिवेदन प्राप्त हुने | - | |

**८. विपद जोखिम न्यूनीकरणमा क्षमता अभिबृद्धि**

| क्र स | सुधारको क्षेत्र | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | अपेक्षित उपलब्धि | जोखिम | अन्य व्यहोरा |
|---|---|---|---|---|---|---|---|---|
| ६४ | | सबै प्रदेश, जिल्ला र स्थानीय तहमा अत्याधुनिक सुविधा सहितको एक एक वटा खोज तथा उद्दार समूह सहितको आपतकालीन संचालन केन्द्र (Emergency Operation Centre) क्रमश स्थापना गर्ने | विपद् व्यवस्थापन महाशाखा | राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण | २०७५ श्रावण देखि क्रमश: | आपतकालिन सूचना समन्वय खोज तथा उद्धार प्रभावकारी भएको हुने | बजेट कार्यक्रममा समावेश हुनुपर्ने | |
| ६५ | | विपद व्यवस्थापन कार्यको लागि थप २ वटा प्रदेशमा भण्डारण गृह (Warehouse) स्थापना गर्ने । सात वटै भण्डारण गृहहरुमा अत्यावश्यक विपद् सामाग्रीहरुको व्यवस्था गर्ने | विपद् व्यवस्थापन महाशाखा | - | २०७५ जेष्ठ मसान्त र निरन्तर | विपद पूर्व तयारी प्रभावकारी भएको हुने | बजेट कार्यक्रममा समावेश हुनुपर्ने | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ६६ | | हलुका र मध्यम तहको खोज तथा उद्धारका लागि आवश्यक उपकरण सहितको तुरुन्तै परिचालन हुने स्वयंसेवक सहितको विशेष टोली (First responder) को व्यवस्था गर्ने । | विपद् व्यवस्थापन महाशाखा | स्थानीय तह | २०७५ चैत्र मसान्त | खोज तथा उद्धार कार्य प्रभावकारी भएको हुने | बजेट कार्यक्रममा समावेश हुनुपर्ने | |
| ६७ | | विपद्बाट हुने मानवीय र भौतिक सम्पत्तिको जोखिम हस्तान्तरण गर्न वीमा कम्पनीहरु सँग सहकार्य गर्ने | विपद् व्यवस्थापन महाशाखा | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्रधिकरण | निरन्तर | व्यक्ति तथा व्यवसायको वीमा गरिएको हुने | - | |
| ६८ | | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण स्थापना गर्ने | विपद् व्यवस्थापन महाशाखा | प्रधानमन्त्री तथा मन्त्रिपरिषद् को कार्यालय | २०७५ आषाढ मसान्त | विपद् व्यवस्थापनमा प्रभावकारिता आएको हुने | - | |

| ९. अनुशासन र सदाचारिता प्रवर्द्धन | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क्र स | सुधारको क्षेत्र | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | अपेक्षित उपलब्धि | जोखिम | अन्य व्यहोरा |
| ६९ | | गृह प्रशासन सदाचार संहिता तर्जुमा गरी कार्यान्वयन गर्ने | मानवश्रोत व्यवस्थापन महाशाखा | - | २०७५ वैशाख मसान्त | व्यवसायिक र मर्यादित गृह प्रशासन भएको हुने | - | |
| ७० | | सुरक्षा संगठन भित्र आचार संहिता पालना सम्बन्धमा अनुगमन गरी गृह मन्त्रालयमा प्रतिवेदन पेश गर्ने व्यवस्था मिलाउने | प्रहरी महानिरीक्षक, सशस्त्र प्रहरी महानिरीक्षक | सुरक्षा समन्वय महाशाखा | निरन्तर, प्रत्येक महिनाको ७ गते भित्र | सुरक्षा संगठनको छविमा सकारात्मक प्रभाव पर्ने | - | |
| ७१ | | सुरक्षा बाहेक अन्य प्रयोजनमा खटाईएका सुरक्षाकर्मीलाई तत्काल फिर्ता गर्ने । | सुरक्षा समन्वय महाशाखा | सबै सुरक्षा निकायहरु | २०७५ वैशाख मसान्त | सुरक्षाकर्मीलाई सुरक्षा सम्वन्धी काममा मात्र खटाइएको हुने<br>स्रोत र साधनको वचत हुने | - | |
| ७२ | | रु २५००० भन्दा वढी कार्यालय खर्चलाई website बाट सार्वजनिकीकरण गर्ने | व्यवस्थापन महाशाखा | - | २०७५ वैशाख देखि निरन्तर | आर्थिक कारोवार पारदर्शि हुने | - | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ७३ | | मुलुकभर मदिरा एवं मदिराजन्य पदार्थको अवैध उत्पादन, विक्री वितरण र उपभोग समेतको नियन्त्रण र नियमन गर्न छुट्टै कार्यविधि तयार गरी कार्यान्वयनमा ल्याउने | नीति योजना तथा कार्यक्रम महाशाखा | सबै जिल्ला प्रशासन र प्रहरी कार्यालयहरु | २०७५ श्रावण | मदिरा विक्री वितरण व्यवस्थित भई शान्ति सुरक्षा कायम गर्न मद्दत मिल्ने | - | |
| ७४ | | लागू औषध दुर्व्यसनीको उपचार तथा पुनस्थापना केन्द्रहरुको मापनयोग्य सूचकका आधारमा अनुगमन गर्ने | नीति योजना तथा कार्यक्रम महाशाखा | सबै जिल्ला प्रशासन कार्यालयहरु | निरन्तर | उपचार तथा पुनस्थापना केन्द्रहरू व्यवस्थित रूपमा संचालन भएको हुने | - | |
| ७५ | | नमुनाको रुपमा कम्तिमा दुई वटा प्रदेशमा एक एक लागूऔषध दुर्व्यसन उपचार तथा पुर्नस्थापना केन्द्र संचालन गर्ने | गृह मन्त्रालय र सम्बन्धित प्रदेशको आन्तरिकमामीला तथा कानून मन्त्रालय | सम्बन्धित स्थानीय तह | २०७५ चैत्र मसान्त | उपचार तथा पुर्नस्थापना कार्य सहज र पहुँच योग्य हुने | - | |
| ७६ | | लागू औषध दुर्व्यसन रोक्न सीमा क्षेत्र र स्थान विशेष अभियान संचालन गर्ने | नीति योजना तथा कार्यक्रम महाशाखा | नेपाल प्रहरी | २०७५ आषाढ मसान्त | लागू औषध दुर्व्यसन नियन्त्रण भएको हुने | - | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ७७ | | सरोकारवालाहरु सँगको सहकार्यमा पर्यटकको आवागमन बढी हुने क्षेत्रहरुमा २४ घण्टा बजार खुला राख्न सुरक्षा व्यवस्था  मिलाइने | सुरक्षा समन्वय महाशाखा | सबै जिल्ला प्रशासन कार्यालयहरु | २०७५ आषाढ मसान्त | पर्यटन प्रवर्द्धनमा सघाउ पुगेको हुने | - | |
| ७८ | | गृह मन्त्रालय अन्तर्गतका जिन्सी, सवारी साधनको लिलामी प्रकृया अगाडी वढाउने | व्यवस्थापन महाशाखा | - | २०७५ आषाढ मसान्त | पुराना प्रयोगमा ल्याउन नसकिने समानहरुको व्यवस्थापन भएको हुने | - | |
| ७९ | | गृह मन्त्रालय र अन्तर्गत रहेका सवारी साधनहरुको विवरण तयार गरी अनाधिकृत रुपमा प्रयोग भइरहेका सवारी साधनहरु गृह मन्त्रालयमा फिर्ता ल्याउने | व्यवस्थापन महाशाखा | सम्बन्धित सबै निकाय एवं पदाधिकारी | २०७५ वैशाख मसान्त | सरकारी सवारी साधानको दुरुपयोग नियन्त्रण भएको हुने | - | |
| ८० | | सरकारी रातो प्लेटका सवारी साधनलाई सेतो प्लेटमा परिणत गर्न लगाउने । | व्यवस्थापन महाशाखा | सम्बन्धित सबै निकाय एवं पदाधिकारी | मापदण्ड बनाई क्रमशः, निरन्तर | सरकारी सवारी साधानको दुरुपयोग नियन्त्रण भएको हुने | - | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ८१ | | सरकारी सवारी साधनलाई सार्वजनिक विदाका दिनमा प्रयोग गर्ने सम्बन्धमा मापदण्ड बनाई लागू गर्ने | व्यवस्थापन महाशाखा | सम्बन्धित सबै निकाय एवं पदाधिकारी | २०७५ वैशाख मसान्त | सार्वजनिक विदाका दिन सरकारी सवारी साधानको प्रयोग व्यवस्थित भएको हुने | - | |
| ८२ | | नेपालका सार्वजनिक पदाधिकारीहरूको मर्यादाक्रम पुनरावलोकन गर्ने | व्यवस्थापन महाशाखा | प्रधानमन्त्री तथा मन्त्रिपरिषद् को कार्यालय | २०७५ आषाढ मसान्त | मर्यादाक्रम पुनरावलोकन भएको हुने | - | |

## १०. कार्ययोजना कार्यान्वयन एवं अनुगमन र मूल्यांकन व्यवस्था

| क्र स | सुधारको क्षेत्र | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | अपेक्षित उपलब्धि | जोखिम | अन्य व्यहोरा |
|---|---|---|---|---|---|---|---|---|
| | | कार्ययोजनामा पहिचान गरिएका क्रियाकलापहरु कार्यान्वयन गर्न आवश्यक वजेट र अन्य स्रोत साधनहरुको व्यवस्था गर्ने | व्यवस्थापन महाशाखा, नीति योजना तथा कार्यक्रम महाशाखा | अर्थ मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | २०७५ आषाढ मसान्त | स्रोत साधनको सुनिश्चितता भएको हुने | राष्ट्रिय वजेटको सीमा र प्राथमिकता | |
| | | अनुगमन तथा मूल्यांकन र प्रगति समीक्षाको लागि ढाँचा तयार गरी लागू गर्ने | नीति योजना तथा कार्यक्रम महाशाखा | व्यवस्थापन महाशाखा | २०७४ वैशाख | प्रभावकारी अनुगमन भएको हुने | जनशक्ति र स्रोत साधनको उपलब्धता | |
| | | कार्यान्वयनको प्रगति समीक्षा गर्दै देखिएका समस्याहरुको समाधान गर्न माननीय गृह मन्त्रीज्यूको अध्यक्षतामा रहने सुधार कार्ययोजना कार्यान्वयन, अनुगमन तथा निर्देशन समितिमा* प्रस्तुत गर्ने | नीति योजना तथा कार्यक्रम महाशाखा | माननीय गृह मन्त्रीज्यूको निजि सचिवालय | प्रत्येक महिनाको अन्तिम शुक्रबार | कार्ययोजना कार्यान्वयनप्रभावकारी भएको हुने | - | |

*** सुधार कार्ययोजना कार्यान्वयन, अनुगमन तथा निर्देशन समिति**

अध्यक्ष - मानननीय गृहमन्त्री

सदस्य - श्रीमान गृह सचिव

सदस्य - माननीय गृहमन्त्रीको प्रमुख राजनीतिक सल्लाहकार

सदस्य - गृह मन्त्रालयका सबै महाशाखाका प्रमुखहरु

सदस्य - गृह मन्त्रालय मातहतका सबै सुरक्षा निकाय र
विभागका प्रमुखहरु

सदस्य सचिव - महाशाखा प्रमुख, नीति योजना तथा कार्यक्रम महाशाखा, गृह मन्त्रालय